जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि प्रवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

वर्ष १३ • अंक २५३ • २०८३ असार १९ गते शुक्रवार • 3 Jul. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:- ९८२४८७७६२७
Gmail :- Jaleshwortoday@gmail.com

# प्रादेशिक अस्पताल जनकपुरधाम मधेश प्रदेशकै उत्कृष्ट अस्पताल बन्न सफल

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १८ असार**

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत सञ्चालित प्रादेशिक अस्पताल जनकपुरधाम न्यूनतम सेवा मापदण्ड (एमएसएस) मूल्याङ्कनमा मधेश प्रदेशकै उत्कृष्ट अस्पताल बन्न सफल भएको छ । स्वास्थ्य सेवा, व्यवस्थापन, सरसफाइ, जनशक्ति परिचालन, उपकरणको उपलब्धता तथा बिरामीमैत्री सेवामा निरन्तर सुधार गर्दै आएको अस्पतालले ७२ अंक प्राप्त गर्दै प्रदेशका सरकारी अस्पतालमध्ये पहिलो स्थान हासिल गरेको हो ।




स्वास्थ्य मन्त्रालयले देशभरका अस्पतालहरुको गरेको एमएसएस मापनमा पोखरा विज्ञान प्रतिष्ठान ल्याएको ७१ अंक भन्दा बढी मधेश स्वास्थ्य विज्ञानको प्रादेशिक अस्पताले ७२ अंक रहेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मधेश प्रदेशअन्तर्गत स्वास्थ्य निर्देशनालयले गरेको अनुगमन तथा मूल्यांकनमा प्रादेशिक अस्पताल जनकपुरधाम सबैभन्दा बढी ७२ अंकसहित उत्कृष्ट घोषित भएको हो । मूल्यांकन अनुसार गौर अस्पताल ७० अंकसहित दोस्रो, सिरहा अस्पताल ६२ अंकसहित तेस्रो, कलैया अस्पताल चौथो, लहान अस्पताल पाँचौं, जलेश्वर अस्पताल छैटौं तथा मलंगवा अस्पताल सातौं स्थानमा परेका छन् । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा. अंकुर साहले अस्पतालको निरन्तर सुधार, सेवाको गुणस्तरमा गरिएको लगानी तथा कर्मचारीहरूको समर्पणका कारण यो उपलब्धि सम्भव भएको बताए । उनका अनुसार गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा अस्पतालले सेवा प्रवाह, व्यवस्थापन र पूर्वाधार विकासमा उल्लेखनीय सुधार गरेको छ । उनले बिरामीले पाउने सेवा-सुविधा, अस्पतालमा उपलब्ध आधुनिक उपकरण, चिकित्सक तथा स्वास्थ्यकर्मीको नियमित ड्युटी व्यवस्थापन, सरसफाइ, औषधिको उपलब्धता तथा जनशक्ति व्यवस्थापनलाई प्राथमिकताका साथ सुधार गरिएकाले सकारात्मक नतिजा प्राप्त भएको बताए । 'चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, कर्मचारी तथा प्रतिष्ठानका पदाधिकारीहरूको सामूहिक मेहनत र सकारात्मक सोचका कारण आज प्रादेशिक अस्पताल प्रदेशकै उत्कृष्ट अस्पताल बन्न सफल भएको हो,' डा. साहले भने । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले निर्धारण गरेका गभर्नेन्स, क्लिनिकल सेवा, एलाइड हेल्थ सेवा, व्यवस्थापन तथा बिरामी सुरक्षासम्बन्धी प्रमुख सूचकमा अस्पतालले राम्रो अंक प्राप्त गरेको प्रतिष्ठानले जनाएको छ ।

तीन सय शैयाको स्वीकृति प्राप्त प्रादेशिक अस्पताल जनकपुरधामले हाल ३४० शैयाबाट सेवा प्रदान गरिरहेको छ। अस्पतालले थप ८० शैया विस्तार गर्ने तयारी अन्तिम चरणमा पुगेको जनाएको छ । अस्पतालमा हाल १२ बेड आईसीयू, १० बेड एनआईसीयू तथा १० बेड एचडीयू सञ्चालनमा छन्, जसले जटिल अवस्थाका बिरामीलाई गुणस्तरीय उपचार उपलब्ध गराउन सहयोग पुऱ्याएको छ । प्रतिष्ठान अन्तर्गत गाभिएपछि पछिल्ला पाँच वर्षमा अस्पतालको सेवा उपयोग गर्ने बिरामीको संख्या ठूलो फड्को मारेको एमएसएसको तथ्यांकले देखाएको छ । आर्थिक वर्ष २०७७/७८ मा अस्पतालको ओपीडीबाट ७७ हजार ५५२ जनाले सेवा लिएका थिए । तर चालु आर्थिक वर्ष २०८२/८३ को जेठ मसान्तसम्म यो संख्या बढेर दुई लाख ६ हजार ४८३ पुगेको छ। आर्थिक वर्ष समाप्तिसम्म ओपीडी सेवाग्राहीको संख्या दुई लाख १६ हजार ६३३ पुग्ने अनुमान गरिएको प्रतिष्ठानका रजिस्ट्रार डा. विनोद यादवले जानकारी दिए । उनका अनुसार चालु आर्थिक वर्षमा १५ हजार १४८ जना बिरामी अस्पतालमा भर्ना भएका छन् भने ३१ हजार २२१ जनाले आकस्मिक (इमरजेन्सी) सेवा लिएका छन् । यसले अस्पतालप्रति नागरिकको विश्वास निरन्तर बढिरहेकाले सो अस्पतालमा धनुषा, महोत्तरी, सर्लाही र सिरहासम्मको बिरामी दिनहुँ उपचार गराउन आइरहेको उनले बताए ।

अत्याधुनिक स्वास्थ्य सेवा विस्तारः प्रादेशिक अस्पताल जनकपुरधामले सामान्य उपचारदेखि जटिल स्वास्थ्य सेवासम्म एकै स्थानबाट उपलब्ध गराउँदै आएको छ। अस्पतालमा ओपीडी, इमरजेन्सी, सर्जरी, बर्थिङ सेन्टर, क्याथल्याब, मोडुलर अपरेशन थिएटर, राष्ट्रियस्तरको प्रयोगशाला, एमआरआई, सीटी स्क्यान, अल्ट्रासाउण्ड, एक्स-रे, मेमोग्राफी, एन्जियोग्राफी, एआरटी सेवा, फिजियोथेरापी लगायतका अत्याधुनिक सेवा सञ्चालनमा छन् । अस्पतालमा दैनिक २५ भन्दा बढी शल्यक्रिया हुने गरेको छ भने मोडुलर अपरेशन थिएटरमार्फत दैनिक कम्तीमा पाँच जनाको जटिल शल्यक्रिया सम्पन्न हुने गरेको अस्पतालले जनाएको छ ।

न्यूरोसम्बन्धी उपचारका लागि पनि दैनिक १५ भन्दा बढी बिरामीले सेवा लिइरहेका छन्। प्रसूति सेवातर्फ अस्पतालले वार्षिक करिब सात हजार महिलालाई सुरक्षित प्रसूति सेवा उपलब्ध गराउँदै आएको छ। उत्कृष्ट मातृ तथा प्रसूति सेवाका आधारमा अस्पताल देशकै दोस्रो उत्कृष्ट सरकारी अस्पतालको रूपमा समेत परिचित रहेको प्रतिष्ठानको दाबी छ। अस्पतालले स्वास्थ्य बीमा कार्यक्रम, मानसिक स्वास्थ्य -साइकियाट्रिक) सेवा, मेडिको-लिगल सेवा, पल्मोनरी फङ्सन टेस्ट -पीएफटी), परिवार नियोजन, एआरभी सेवा, ईईजी, इन्डोस्कोपी, इम्युनोलोजी, सर्पदंश उपचार, विभिन्न खोप सेवा, टेलिमेडिसिन तथा सशुल्क र निःशुल्क फार्मेसी सेवा सञ्चालन गर्दै आएको छ ।


## कानुनी व्यवस्था कार्यान्वयनको अवस्थाबारे अनुगमन



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १८ असार**

श्रम तथा रोजगार कार्यालय जनकपुरधामले जनकपुरधामस्थित काव्य अस्पताल प्रालिमा श्रम ऐन तथा सामाजिक सुरक्षा सम्बन्धी कानुनी व्यवस्था कार्यान्वयनको अवस्थाबारे अनुगमन गरेको छ । श्रम तथा रोजगार कार्यालयका निमित्त प्रमुख रञ्जित कुमार यादवको नेतृत्वमा बिहीवार सम्पन्न अनुगमनमा सामाजिक सुरक्षा कोषका कार्यालय प्रमुख कैलाश यादव तथा नेपाल पत्रकार महासङ्घ धनुषा शाखाका उपाध्यक्ष अवधेश कामतको सहभागिता रहेको थियो । अनुगमनका क्रममा अस्पतालमा कार्यरत कर्मचारीहरूको सेवासुविधा, न्यूनतम पारिश्रमिकको कार्यान्वयन, नियुक्तिपत्रको व्यवस्था, श्रम ऐनको पालना तथा सामाजिक सुरक्षा कोषमा आबद्धताको अवस्थाबारे अध्ययन गरिएको श्रम कार्यालयले जनाएको छ ।

अस्पतालका सञ्चालक डा. एस.के. सिंहले अस्पताल सामाजिक सुरक्षा कोषमा आबद्ध हुन प्रतिबद्ध रहेको बताउँदै कर्मचारीलाई सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिक उपलब्ध गराउँदै आएको जानकारी दिए । अनुगमन टोलीले श्रमिकको हकअधिकारको संरक्षण र श्रम कानुनको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न अस्पताल व्यवस्थापनलाई आवश्यक सुझाव तथा निर्देशन दिएको जनाएको छ ।









# आफ्नो अवसरलाई पहिचान गर

*आधुनिक लोकतन्त्रमा सबै पदहरूको अर्थ केवल संवैधानिक अधिकारमा सीमित हुँदैन। तिनले सामाजिक कल्पना र सांस्कृतिक चेतनालाई पनि पुनर्गठन गर्छ । शताब्दीयौंसम्म 'अस्पृश्य' ठहर गरिएको समुदायबाट कुनै व्यक्ति राष्ट्रप्रमुख बन्नु केवल एउटा नियुक्ति वा निर्वाचनको परिणाम होइन; त्यो राष्ट्रको प्रतीकात्मक संरचना माथिको ऐतिहासिक हस्तक्षेप रहेको देखिन्छ । प्रतिनिधित्वले जातीय श्रेष्ठता र हीनताका मिथकलाई चुनौती दिन्छ, नयाँ पुस्तामा समानताको मनोविज्ञान निर्माण गर्छ र लोकतन्त्रलाई संख्यात्मकमात्र होइन, सांस्कृतिक रूपमा पनि समावेशी बनाउने आधार तयार गर्छन। त्यसैले राष्ट्र प्रमुखको पद एउटा व्यक्ति उच्च पदस्थ हुनुमा मात्र सीमित रहन्न उसले प्रतिनिधित्व गर्ने समुदाय र उसले निर्वाह गर्ने धार्मिक सांस्कृतिक र अन्य असल संस्कृति निर्मितिको हिसाबले पनि महत्वपूर्ण रहेको हुन्छ ।*

*आजको प्रश्न केवल 'दलितले कुन पद पायो ?' भन्ने मात्र नभई, मूल प्रश्न हो, दलित समुदायले आफ्नो ऐतिहासिक सामर्थ्यलाई राजनीतिक शक्तिमा रूपान्तरण गर्न सक्छ कि सक्दैन ? इतिहासले अवसर सबैलाई बारम्बार दिँदैन। अवसरलाई पहिचान गरेर त्यसलाई संगठित शक्तिमा बदल्ने समुदायले नै इतिहास लेख्छ । बाँकी समुदाय इतिहासका पानामा केवल पीडाका कथाका रूपमा मात्रै सीमित रहने गरेको देखिन्छ ।*

# महोत्तरीको मनरा सिस्वा नगरपालिका 'साक्षर पालिका' घोषित, ९६.२ प्रतिशत नागरिक साक्षर

**मो.इर्शाद**
**महोत्तरी, १८ असार**

महोत्तरीको मनरा सिस्वा नगरपालिका औपचारिक रूपमा 'साक्षर पालिका' घोषणा भएको छ। जलेश्वर र मटिहानीपछि जिल्लाको तेस्रो स्थानीय तहका रूपमा मनरा सिस्वाले साक्षर पालिकाको मान्यता प्राप्त गरेको हो । नगरपालिकाको सभाहलमा बुधबार आयोजित विशेष कार्यक्रममा प्रदेशसभा सदस्य अन्जना पण्डित र नगरप्रमुख मोहन पाण्डेयले संयुक्त रूपमा घोषणापत्र वाचन गर्दै पालिकालाई साक्षर घोषणा गरेका हुन् । मनरा सिस्वा नगरपालिकाको आयोजना, 'सेभ द चिल्ड्रेन'को आर्थिक सहयोग तथा रतौली युवा क्लबको सहजीकरणमा सञ्चालन गरिएको साक्षरता अभियान अन्तर्गत १५ देखि ६० वर्ष उमेर समूहका नागरिकले राष्ट्रिय साक्षरताका न्यूनतम मापदण्ड पूरा गरेपछि पालिकालाई साक्षर घोषणा गरिएको हो ।

नगरपालिकाका अनुसार ३६ हजार १०६ जनसंख्यामध्ये ३४ हजार ७४६ जना अर्थात् ९६.२ प्रतिशत नागरिक साक्षर भएका छन् । साक्षर घोषणा गर्न आवश्यक न्यूनतम ९५ प्रतिशत साक्षरता र १२ मध्ये कम्तीमा ६ सूचक पूरा गर्नुपर्ने व्यवस्था रहेकामा मनरा सिस्वाले आवश्यक मापदण्ड पूरा गरेको हो। साक्षरता अभियान नगर समितिको असार १५ गते र नगर कार्यपालिकाको असार १६ गतेको निर्णयपछि घोषणा कार्यक्रम आयोजना गरिएको थियो ।

पालिकाले पछिल्लो एक महिनादेखि 'शिक्षा सबैको अधिकार, साक्षरता हाम्रो आधार' तथा 'साक्षर नागरिक, समृद्ध नगरपालिका' भन्ने मूल नारासहित अभियान सञ्चालन गरेको थियो। नगरभित्रका १० वटै वडाका २३ टोलमा रहेका २३ सामुदायिक विद्यालय मार्फत विद्यालय समयपछि शिक्षकहरू समुदायमै पुगेर निरक्षर नागरिकलाई पढाउने व्यवस्था गरिएको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै नगरप्रमुख मोहन पाण्डेयले साक्षर पालिका घोषणा महत्वपूर्ण उपलब्धि भए पनि पूर्ण साक्षर पालिका बन्न अझै काम बाँकी रहेको बताए ।




"साक्षर पालिका घोषणा हुनु सुखद सुरुवात हो। पूर्ण साक्षर पालिका बन्न आवश्यक १२ मध्ये बाँकी सूचक आगामी आर्थिक वर्षभित्र पूरा गर्ने गरी विशेष योजना ल्याउनेछौं," उनले भने । अभियान सफल बनाउन खटिएका शिक्षक, विद्यालय, कर्मचारी, रतौली युवा क्लब तथा सहयोगी संस्थाप्रति उनले आभार व्यक्त गरे ।

प्रमुख अतिथि प्रदेशसभा सदस्य अन्जना पण्डितले पालिकाले शिक्षा क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल गरेको भन्दै सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार, उत्तीर्ण दर वृद्धि तथा समुदायस्तरमा निरन्तर सिकाइका कार्यक्रम विस्तार गर्न आग्रह गरिन् । उनले विद्यालय र समुदाय दुवै तहमा शिक्षाको पहुँच सुदृढ बनाउनुपर्नेमा जोड दिइन् । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव, उपप्रमुख शकुन्तला देवी, प्रमुख प्रशासकीय अधिकृत प्रेमकुमार पोखरेल, सुरक्षा निकायका प्रमुख, नेपाल पत्रकार महासंघ महोत्तरीका अध्यक्ष महेश दास, रतौली युवा क्लबका कार्यकारी निर्देशक बैद्यनाथ चौधरी, 'सेभ द चिल्ड्रेन'का प्रतिनिधिलगायतले साक्षरता अभियानलाई निरन्तरता दिँदै गुणस्तरीय र जीवनोपयोगी शिक्षामा केन्द्रित हुनुपर्ने धारणा राखेका थिए । साक्षरता अभियानमा योगदान पुर्‍याउने २३ सामुदायिक विद्यालय, रतौली युवा क्लब तथा ३५ जना अभियानकर्मी र १५० जना शिक्षकलाई कार्यक्रममा प्रमाणपत्र सहित सम्मान गरिएको थियो। अभियान सफल बनाउन रतौली युवा क्लबका वरिष्ठ परियोजना संयोजक बिनोद साह, शिक्षा अधिकृत कल्पना साह सोनार, शिवशंकर चौधरी, कञ्चन साह, गोविन्दलाल कर्ण, सोनु कुमार साह तथा 'सेभ द चिल्ड्रेन'का पुष्कर काफ्ले र असबिर सारुले सक्रिय भूमिका निर्वाह गरेका थिए । हाल महोत्तरीका १५ स्थानीय तहमध्ये जलेश्वर नगरपालिका, मटिहानी नगरपालिका र मनरा सिस्वा नगरपालिका साक्षर पालिका घोषणा भइसकेका छन् । बलवा, भंगाहा लगायत अन्य स्थानीय तह पनि साक्षर घोषणा गर्ने तयारीमा रहेका छन् ।





अनुरोधकर्ता
गणेशमान चारनाथ नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश


## तपाईको टुडे

मेष: शुभ कार्यको शुरुवात
वृष: अनावश्यक खर्चको संभावना
मिथून: विचार गरेर बोल्नुहोला
कर्कट: अनावश्यक चिन्ता
सिंह: लामो यात्राको योग छ
कन्या: खानपानमा समस्या आउने
तुला: अशुभ समाचार प्राप्त हुने
वृश्चिक: पढाईमा ध्यान दिनुपर्ने
धनु: मित्रतामा फाटो आउने
मकर: पिछडेको साथी मिल्ने
कूम्भ: मनमा पछुतो आउने
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**




आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**



## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# बर्दिबासकी छोरी प्रतिष्ठा आचार्य मिस नेपाल २०२६ को टप - २४ मा छनोट




**जीवनराज दाहाल**
**बर्दिवास, १८ असार**

महोत्तरीको बर्दिबास नगरपालिका-५, चेरुकी प्रतिष्ठा आचार्य मिस नेपाल २०२६ को अन्तिम २४ प्रतिस्पर्धी (टप-२४) मा छनोट भएकी छन् ।

मिस नेपालको आयोजक द हिडन ट्रेजरले मंगलबार ललितपुरस्थित द प्लाजामा आयोजित कार्यक्रममा अन्तिम २४ प्रतिस्पर्धी सार्वजनिक गर्दै उनीहरूलाई प्रतियोगी नम्बर प्रदान गरेको हो । प्रतिष्ठा आचार्यले प्रतियोगी नम्बर १० प्राप्त गरेकी छन् ।

२० वर्षीया प्रतिष्ठा बलराम आचार्य र सीता आचार्यकी छोरी हुन् । उनी हाल स्नातक तहमा अध्ययनरत छिन् । स्थायी रूपमा बर्दिबास-५, चेरु निवासी प्रतिष्ठा हाल काठमाडौंको भक्तपुरमा बसोबास गर्दै आएकी छन् । मोडलिङ र राजनीतिप्रति विशेष रुचि राख्ने उनी यसपटक मिस नेपालको प्रतिष्ठित ताजका लागि प्रतिस्पर्धामा उत्रिएकी हुन् । आयोजकका अनुसार यस वर्षको मिस नेपाल प्रतियोगितामा डाक्टर, अधिवक्ता लगायत विभिन्न पेशा र क्षेत्रका प्रतिभाहरू सहभागी छन् । विभिन्न सौन्दर्य प्रतियोगितामा उपाधि जितिसकेका प्रतिस्पर्धी समेत यस वर्षको प्रतिस्पर्धामा रहेका छन् ।

प्रतियोगी प्रतिष्ठा आचार्यलाई भोट गर्न चाहने दर्शक तथा शुभेच्छुकले आयोजकले उपलब्ध गराएको क्यूआर (QR) कोड आफ्नो मोबाइल बैंकिङ एपमार्फत स्क्यान गरी भोट गर्न सक्नेछन् । प्रत्येक भोटका लागि १० रुपैयाँ शुल्क लाग्नेछ । आयोजकका अनुसार एक जनाले कम्तीमा एक भोटदेखि असीमित संख्यामा भोट गर्न सक्ने व्यवस्था गरिएको छ ।

मिस नेपाल २०२६ को ग्रान्ड फिनाले आगामी साउन महिनामा ललितपुरस्थित द प्लाजामा आयोजना हुने तय भएको छ । बर्दिबासकी छोरी प्रतिष्ठा आचार्यको टप-२४ मा छनोटसँगै महोत्तरीवासीमा उत्साह थपिएको छ भने उनलाई सफलताको शुभकामना दिने क्रम पनि बढिरहेको छ ।

# यस वर्ष पनि ढैँचा मलको प्रयोग गरेर यादवद्वारा धान रोपाइँ सुरु

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १८ असार**



धनुषाको गणेशमान चारनाथ नगरपालिका-९, बरमझियाका किसान रामपुकार यादवले यस वर्ष पनि ढैँचा मलको प्रयोग गरेर धान रोपाइँ सुरु गर्नुभएको छ । उहाँले विगत सात वर्षदेखि ढैँचाको खेती गरी त्यसलाई हरियो मलका रूपमा प्रयोग गर्दै धान उत्पादन गर्दै आउनुभएको छ ।

किसान रामपुकारले रासायनिक मलको विकल्पमा अन्नबाली उत्पादनका लागि ढैँचा मल उत्तम रहेको बताउनुभयो । उहाँले धान उत्पादनका लागि माटोमा चाहिने सम्पूर्ण पोषण पूर्ति गर्ने भएकाले आफूले यो मलको प्रयोग गर्दै आएको जानकारी दिनुभयो ।उहाँले भन्नुभयो, "रासायनिक मलको विकल्पका रूपमा ढैँचा निकै प्रभावकारी छ । यसको प्रयोगपछि माटो उर्वर बन्छ र उत्पादन पनि राम्रो हुन्छ ।"

उहाँले सात वर्षअघि सामुदायिक सुधार केन्द्र धनुषाले वीरेन्द्र बजारमा सञ्चालन गरेको कृषि तालिममा सहभागी भएपछि यो मलको महत्वबारे थाहा पाएको बताउँदै त्यसयता निरन्तर आफ्नो खेतमा ढैँचा मल प्रयोग गर्दै आएको बताउनुभयो । उहाँले थप्नुभयो, "ढैँचा मल तयार गर्न धेरै खर्च र समय लाग्दैन ।

बीउ छरेको २० देखि २५ दिनभित्र तयार हुने ढैँचाको बोटलाई खेत हिल्याउने क्रममा जोतेर माटोमा मिलाइन्छ । माटोमा मिसाएको करिब एक साताभित्र ढैँचाको बोट कुहिएर प्राकृतिक मलमा परिणत हुन्छ । त्यसपछि रोपिने धानलगायत बालीका लागि थप मलको आवश्यकता पर्दैन ।"

रामपुकारले आफूले प्राप्त गरेको अनुभव अन्य किसानसँग पनि बाँड्दै आएको बताउनुभयो । अहिले गाउँका धेरै किसानले ढैँचा मल प्रयोग गर्न थालेको बताउँदै उहाँले भन्नुभयो, "यो कुनै नयाँ प्रविधि होइन । हाम्रा बाबुबाजेले पनि यही ढैँचा मल प्रयोग गरेर खेती गर्नुहुन्थ्यो । पछि रासायनिक मलको प्रयोग बढेपछि यो विधि हराउँदै गयो । अहिले फेरि यसको महत्व बुझेर किसान परम्परागत विधितर्फ फर्किरहेका छन् ।" धनुषाधाम नगरपालिका-५, किसानपुरका किसान योगनारायण यादवले धनुषाका किसान पुनः परम्परागत हरियो मल ढैँचातर्फ आकर्षित हुन थालेको बताउनुभयो ।माटोको उर्वराशक्ति बढाउने भएकाले यहाँका किसानले ढैँचा मलको प्रयोगलाई प्राथमिकता दिन थालेको उहाँको भनाइ छ । उहाँका अनुसार ढैँचा मलको प्रयोगले किसानको उत्पादन लागत घट्नुका साथै रासायनिक मल खरिदका लागि खर्च हुने रकमको पनि बचत हुने र माटोको जैविक गुणस्तरमा सुधार हुने हुँदा बर्षेनी मलको प्रयोग गरिरहनुपर्दैन ।



अनुरोधकर्ता
लक्ष्मीनियाँ गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश



अनुरोधकर्ता
धनौजी गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश



अनुरोधकर्ता
बिदेह नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश



अनुरोधकर्ता
सबैला नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

# ‘पहिचानविहीन’ सामुदायिक क्याम्पसका शिक्षक

-सामुदायिक क्याम्पसले दूरदराजका गरिब, दलित, महिला र सीमान्तकृत वर्गका छोराछोरीलाई उच्च शिक्षामा पहुँच दिलाउन ऐतिहासिक योगदान गरेका छन् । तर, राज्य र विश्वविद्यालयको उपेक्षाका कारण यहाँका शिक्षक र कर्मचारीको पहिचान, पदोन्नति र पेसागत विकास सुनिश्चित हुन सकेको छैन। अब राज्यले सामुदायिक क्याम्पसका शिक्षकको योगदानको सम्मान गर्दै उनीहरूको स्तर निर्धारण, प्राविधिक शिक्षाको अवसर र संस्थागत सुदृढीकरणमा गम्भीर पहल गर्न आवश्यक छ। दूरदराजका गरिब, दलित, महिला, जनजाति र सीमान्तकृत वर्गका छोराछोरीलाई उच्च शिक्षाको पहुँचमा ल्याउने वास्तविक श्रेय सामुदायिक क्याम्पसहरूलाई जान्छ ।

यदि सामुदायिक क्याम्पस हुँदैनथे भने आर्थिक अभावकै कारण नेपालका लाखौं प्रतिभा विद्यालय तह पार गरेपछि कि कुलतमा फस्थे कि सस्तो श्रमका लागि खाडी मुलुक पलायन हुन्थे । सामुदायिक क्याम्पसमा कार्यरत शिक्षकले विश्वविद्यालयकै पाठ्यक्रम पढाउँछन्, विश्वविद्यालयकै परीक्षा प्रणाली र मूल्यांकनमा सहभागी हुन्छन् र विश्वविद्यालयकै प्राज्ञिक डिग्री उत्पादन गर्छन् । उनीहरूको योग्यता, क्षमता र प्राज्ञिक दक्षता आंगिक क्याम्पसका शिक्षकसरह नै छ । तर, सम्बन्धन दिने विश्वविद्यालयले विगत ४६ वर्षदेखि उनीहरूको प्राज्ञिक पद सोपान, पदोन्नति र वृत्ति-विकासको ढोका ठप्प पारिदिएको छ । र, राज्यले नीतिगत रूपमै सामुदायिक क्याम्पसलाई आफ्नो दायित्वबाहिर राखेको छ । दरबन्दी अभाव, न्यून अनुदान र सेवा-सुविधाको अनिश्चितताले राज्यका तर्फबाट उनीहरूको अस्तित्वको कुनै ठोस पहिचान बन्न सकेको छैन ।

समुदायको आर्थिक अवस्था र विद्यार्थीको न्यून शुल्कका भरमा चल्नुपर्ने भएकाले कतिपय क्याम्पसमा श्रमको न्यूनतम मूल्यसमेत पाउन गाह्रो छ। महँगीले आकाश छोएको यो समय न्यून पारिश्रमिकमै चित्त बुझाएर बौद्धिक श्रम बेच्नुपर्ने बाध्यता यहाँका



जनशक्तिलाई छ । एकातिर देशको शैक्षिक साक्षरता बढाउने ठूलो जिम्मेवारी, अर्कोतिर आफ्नो गुजारा नै नचल्ने आर्थिक संकटको दोसाँधमा सामुदायिक क्याम्पसका सारथिहरू पेलिइरहेका छन् । उनीहरू राष्ट्रका बौद्धिक सम्पत्ति हुन्, तर उनीहरूको परिचय ‘पहिचानविहीन’ बनेको छ। यो विषयमा राज्य र सम्बन्धन दिने विश्वविद्यालयले गम्भीर आत्मसमीक्षा गर्नैपर्छ । नेपालको उच्च शिक्षामा मध्यम र निम्न-मध्यम वर्गका नागरिकलाई सर्वसुलभ अनि गुणस्तरीय शिक्षा दिलाउन सामुदायिक क्याम्पसले ऐतिहासिक योगदान गरेका छन् । स्थानीय समुदायको अग्रसरता र भरोसामा स्थापित यी संस्था ज्ञानकेन्द्र मात्रै होइनन्, मुलुकको रोजगारी सिर्जनाका महत्त्वपूर्ण आधारस्तम्भ पनि हुन् । तर, पछिल्लो समय राज्यको फितलो नीति र दूरदर्शिताको अभावले यी धरोहर गम्भीर संकटको भुमरीमा फसिरहेका छन् । एकातिर देशको शैक्षिक साक्षरता बढाउने ठूलो जिम्मेवारी, अर्कोतिर आफ्नो गुजारा नै नचल्ने आर्थिक संकटको दोसाँधमा सामुदायिक क्याम्पसका सारथिहरू पेलिइरहेका छन् । केन्द्रीय तथ्यांक विभागले आर्थिक वर्ष २०८०/८१ मा गरेको एक शैक्षिक सर्वेक्षण अनुसार, सामुदायिक क्याम्पसले देशको रोजगारी क्षेत्रमा बलियो हिस्सा ओगटेको छ । उक्त प्रतिवेदन अनुसार, सामुदायिक क्याम्पसमार्फत कुल ११ हजार ८ सय १७ जनाले प्रत्यक्ष रोजगारी पाएका छन् । तीमध्ये ९ हजार ३ सय ४५ जना प्राध्यापक/शिक्षक र २ हजार ४ सय ७१ जना प्रशासनिक कर्मचारी कार्यरत छन् ।

**साभार : कान्तिपुर ।**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३।०३।१९

कम्पनीको मिति २०८३/०२/२६ मा सम्पन्न विशेष/बार्षिक साधारण सभाको निणर्य बमोजिम कम्पनीको साबिक नाम (**भेषभूषा टेक्नोलोजीज प्रा. लि.२७३७५३/०७८/०७९**) को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु ब्यहोर्नु पर्ने कर दायित्व आदि परिबर्तित नाम (**वन एग्रो टेक प्रा. लि.२७३७५३/०७८/०७९**) को कम्पनीले सकार्ने ब्यहोर्ने र नामका सम्बन्धमा भ्रम सृजना भई उजुरी परेमा संशोधन गर्ने शर्तमा त्यस कम्पनीको नाम परिवर्तन गरी मिति २०८३/०३/१० को निर्णयानुसार **वन एग्रो टेक** प्रा.लि. कायम गरिएको छ ।



अनुरोधकर्ता
औरही गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश



अनुरोधकर्ता
जनकनन्दिनी गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश



अनुरोधकर्ता
बटेश्वर गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश



अनुरोधकर्ता
मुखियापट्टी मुसहरनियाँ गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday